कम्पनी दर्ता नं. ९८०९२/०६५/०६६


# समीट लघुवित्त वित्तीय संस्था लि.
## Summit Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

Tel: 977-065-540633
Tel: 977-065-540706
E-mail: banksummit@yahoo.com
Website: www.summitbank.com.np


च.नं. १२०४/२०७८/७९

मिति : २०७८/०९/०१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा
काठमाण्डौं, नेपाल

**विषयः वार्षिक साधारण सभा सम्पन्न गर्ने तथा शेयर दाखिल खारेज बन्द गर्ने सम्बन्धमा ।**

महाशय,

प्रस्तुत विषयमा यस समीट लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०९/०१ गते बसेको सञ्चालक समितिको १८ औं बैठकको निर्णय अनुसार संस्थाको तेह्रौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा वस्ने भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०७८/०९/२४ गते शनिवार (८ जनवरी, २०२२)
समय : बिहान १०:०० बजे ।
स्थान : आँबुखैरेनी रेष्टुरेण्ट एण्ड पार्टी प्यालेस आँबुखैरेनी ३, तनहुँ

**छलफल तथा निर्णयका लागि निर्धारित सूची**

**क. साधारण प्रस्तावहरु :**

१. अध्यक्षज्यूको मन्तव्यसहितको आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदनसहितको २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण एवम् लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
४. लेखा परीक्षकको पारिश्रमिक वापतको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको चुक्ता पूँजी रु. ३९,४३,००,०००।०० (अक्षरेपी उन्चालिस करोड त्रिचालिस लाख रुपैया मात्र) को २५.२८५३१६ प्रतिशतले हुन आउने रकम रु. ९,९७,००,०००।०० (अक्षरेपी नौं करोड सन्तानब्बे लाख मात्र) वोनस शेयर पारित गर्ने र वोनस शेयर जारी गर्दा संस्थाको जारी पूँजी र चुक्ता पूँजी बृद्धि हुने भएकाले सोही बमोजिम

संस्थाको प्रवन्धपत्रको दफा ६ (ख) र ६ (ग) संशोधन गरी पूँजी बृद्धि गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२. सजिलो लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) र वोनस शेयर वितरण पश्चात संस्थापक शेयर र सर्वसाधारण शेयर पूँजीको अनुपात मिलान गर्दा नपुग भएको सर्वसाधारण तर्फको ७,५१,७१२ (सात लाख एकाउन्न हजार सात सय बाह्र) थान कित्ता साधारण शेयर प्रिमियममा थप सार्वजनिक निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

३. समीट लघुवित्त वित्तीय संस्था लि. र नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने तथा गाभ्ने/गाभिने वा प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

४. वित्तीय संस्थाको केन्द्रीय कार्यालय काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिकामा स्थानान्तरण गर्ने सम्बन्धमा ।

५. सञ्चालक समितिको सेवा सुविधा परिमार्जन गर्ने सम्वन्धमा ।

६. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यकता अनुसार संशोधन गर्ने र संशोधनमा नियमनकारी निकायहरुबाट कुनै परिमार्जन, फेरवदल गर्न सुझाव तथा निर्देशन प्राप्त भएमा सो अनुरुप कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

ग. <u>विविध</u>

**शेयर दाखिल खारेज (Book Close) सम्बन्धमा :**

साधारण सभा प्रयोजनका लागि मिति २०७८/०९/१५ गतेदेखि साधारण सभा सम्पन्न नहुञ्जेलसम्मका लागि शेयर दाखिल खारेज किताब वन्द रहनेछ । नेपाल स्टक एक्सचेन्जमा मिति २०७८/०९/१४ गतेसम्म कारोबार भई ७ कार्य दिनभित्र नियम अनुसार यस संस्थाको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेड काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयर दर्ता कितावमा भएका शेयरधनीहरुले मात्र सभामा भाग लिन तथा वोनस शेयर प्राप्त गर्न सक्नेछन् ।

बोधार्थ :

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं
४. श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, काठमाण्डौं

समीट लघुवित्त वित्तीय संस्था लि.
स्था: २०६६
SLBS

भवदीय,

देवेन्द्र वहादुर वस्नेत

(प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव)